नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :
च.नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## विज्ञप्ति

श्रीमान् मुख्यसचिव एकनारायण अर्यालज्यूको संयोजकत्वमा संवत् २०८१ साल असोज ४ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २६ को उपनियम (१) बमोजिमको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक सम्पन्न भयो।

बैठकमा निर्देशन दिनुहुदैं श्रीमान् मुख्यसचिवज्यूले चाडपर्वको समयमा हुन सक्ने कृत्रिम अभाव, कालोबजारी र मिसावट गर्ने जस्ता अस्वस्थ गतिविधिहरूलाई नियन्त्रण गर्न वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र प्रमुख जिल्ला अधिकारीहरूले आपसमा समन्वय गरी स्थानीय स्तरसम्म अनुगमन गर्न, सार्वजनिक सवारी साधनको भाडादर र सडक दुर्घटना न्यूनीकरण सम्बन्धमा यातायात व्यवस्था विभाग र सडक विभागले समन्वयात्मक रूपमा कार्य गरी हुन सक्ने ठगी र जनधनको क्षतिलाई रोक्न तथा सयुक्त बजार अनुगमनका लागि आवश्यक जनशक्ति सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वयात्मक रूपमा व्यवस्थापन गर्न निर्देशन दिनुभयो।

उक्त बैठकमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६९ औ बैठकले गरेका निर्णय कार्यान्वयनको समीक्षा गरिनुका साथै डेङ्गी लगायत मौसमजन्य रोगहरूको नियन्त्रण तथा प्रतिकार्य, चाडपर्वमा वस्तु तथा सेवाको सहज आपूर्ति तथा व्यवस्थापन, सुरक्षा र यातायात, अखाद्य वस्तुको प्रयोग एवम् बिक्री वितरण र कालोबजारी नियन्त्रण एवम् संयुक्त बजार अनुगमनका कार्यसूचीमाथि छलफल भएको थियो। छलफलका क्रममा सचिवज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू र विभागीय प्रमुखहरूले आ-आफ्नो निकायको कार्य प्रगति र बैठकका कार्यसूचीमाथि धारणा प्रस्तुत गर्नुभएको थियो ।

२०८१ असोज ४ गते, शुक्रबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np